९औं गाउँसभा
मिति: २०७८ असार १३ गते
समय:- बिहान १०:०० बजे
स्थान:- हिमा मा.वि. सभाहल

माथी उल्लेखित मिति, समय र स्थानमा ९औं गाउँसभाका सभाध्यक्ष श्री रज बहादुर शाही ज्यू को सभाध्यक्षता तथा प्रमुख अतिथि, विशेष अतिथि गाउँसभा सदस्यज्यूहरूको गरिमामय उपस्थितिमा नवौं गाउँसभा तपसिलको उपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| श्री रज बहादुर शाही | - | सभाध्यक्ष | | |
| श्री हिमाली रोकाया | - | उपाध्यक्ष | | |
| श्री मुनीराम रावत | - | नि.व. वडाअध्यक्ष - १ | गाउँसभा सदस्य | |
| श्री नैनसिंह रोकाया | - | वडाअध्यक्ष - २ | ” ” | |
| श्री सर्पजीत भण्डारी | - | ” - ३ | ” ” | |
| श्री मुन बहादुर बुढा | - | ” ” ४ | ” ” | |
| श्री नन्द बहादुर रावत | - | ” ” ५ | ” ” | |
| श्री बल बहादुर रावत | - | ” ” ६ | ” ” | |
| श्री हिर बहादुर शाही | | ” ” ७ | ” ” | |
| श्री नानी शाही | - | कार्यपालिका सदस्य | - ” ” | |
| श्री जुआरा शाही | - | ” ” | ” ” | |
| श्री बाचे शाही | - | ” ” | ” ” | |
| श्री मुनडोमा अधिकारी | - | ” ” | ” ” | |
| श्री रतिमान कामी | - | ” ” | ” ” | |
| श्री पद बहादुर शाही | - | गाउँसभा सदस्य - १ | | |
| श्री बासमती कामी | - | ” ” १ | | |
| श्री बल बहादुर रोकाया | | ” — ” २ | | |
| श्री सपुरा रोकाया | | ” — २ | | |
| श्री भैरु रोकाया | | ” — २ | | |
| श्री गोरेनाथ योगी | | ” — ३ | | |
| श्री परिलाल नाथ योगी | | ” — ३ | | |
| श्री लक्ष्मी रोकाया | | ” — ३ | | |
| श्री कैलकाया सार्की | | ” — ३ | | |

श्री मुनविर बुढा - गाउँसभा सदस्य - ४
श्री साउने शाही - ,, ,, - ४
श्री जीकला नेपाली - ,, ,, - ४
श्री श्याम बहादुर शाही ,, ,, - ५
श्री सुर बहादुर शाही ,, - ,, - ५
जडौती श्री जडौती शाही ,, - ५
श्री नन्दकली कामी ,, - ५
श्री चक्र बहादुर शाही - ,, ,, - ६
श्री भीम बहादुर अधिकारी ,, ,, - ६
श्री वनकला रोकाय - ,, - ६
श्री राम प्रसाद उपाध्याय - ,, - ६
तिलसरा श्री तिलसरा कामी - ,, - ६
श्री विजयनन्द बुढाक्षेत्री - ,, - ६
श्री रण बहादुर बुढा - प्र०प्र०अ. सदस्य सचिव

<u>आमन्त्रित</u>

श्री लाल बहादुर सार्की - जिल्ला स.स. प्रमुख - प्रमुख अतिथि
श्री कल्पना परियार - - जिल्ला स.स.स - विशेष अतिथि
श्री लक्ष्मीकथा बुढा - प्रदेश सदस्य ,, ,,
श्री आमराज शाही - अखिल क्रान्तिकारी केन्द्रीय सदस्य ,,
श्री देवेन्द्रराज शर्मा -- अधिवक्ता (कानुनी सल्लाहकार)
श्री मान ब. शाही - विशेष अतिथि
श्री राम प्रसाद चौलागाईं → वडा अ. छिन्नु
श्री डिल्ली ब. बुढाथोकी → वु.अ. ( ,,
श्री डिल ब. वम → प्र.अ. (वडा)
श्री कुशन कँवर → प्र.अ ,,
श्री खड्गेन्द्र रोका → प्र.अ ,,
श्री भोज ब. रावत → प्र.अ - वु.अ
श्री कर्ण ब. रावत ,, ,,
श्री सर्वजित शाही ,, ,,
श्री मान बहादुर शाही हिमा वडा सचिव
श्री नारायण शाह रानाक्षेत्री → प्र.अ. खुर्पा
मान ब. राना → दैनिक ,,
रमेश मुडाउँ

खड्कराज थापा → प्र.अ. गुराँस

मलक शाही → प्र.अ. वड्की

वितीन गाडिया → ,, ,,

पृथ्वी सिंह ठकुरी → ,, कुडाँ

कमला बोहरा → ,, ,,

नारायण कठायत → प्र.अ.

मान ब. रोका → प्र.अ. वड्की

मान ब. बस्नेत → प्र.अ. गुराँस

कीर्तिचन्द्र आचार्य - अध्यक्ष, बाल विकास सहजकर्ता

काली बहादुर साउँद - ५ नं. वडा सचिव

हीन ब. रोकाया → प्रशासन प्रमुख

दिपेन्द्र ब. शाही - राजस्व शाखा

श्री शंकर घिमिरे - शिक्षा अधिकृत

श्री लोकप्रसाद उपाध्याय - ना.सु.

श्री भरत बहादुर बोहरा - ना.सु. जिल्ला समन्वय

निर्णय नं. १! - आ.व. ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम गा.पा. उपाध्यक्ष श्री हिमाली रोकाया ज्यूबाट प्रस्तुत गरिएको उक्त नीति तथा कार्यक्रम को बारेमा छलफल मिति २०७८ साल असार १८ गते गर्ने निर्णय गरियो।

निर्णय नं. २! - गाउँपालिका अध्यक्ष एवं यो गाउँसभाका सभाध्यक्ष श्री राज बहादुर शाही ज्यू को आदेशानुसार उद्घाटन सत्र समापन गर्ने निर्णय गरियो।

मिति:- २०७८/०३/१९
समय:- दिउँसो १:०० बजे
स्थान:- हिमा गा.पा. सभाहल

माथि उल्लेखित मिति समय र स्थानमा हिमा गाउँपालिका तथा गाउँसभाका सभाध्यक्ष श्री राज बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँसभा सदस्य ज्यूहरुको उपस्थितिमा तपसिलका निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री राज बहादुर शाही | सभाध्यक्ष |
| श्री हिमाली रोकाया | उपाध्यक्ष |
| श्री मनोराम रावत | वडा अध्यक्ष -१ गाउँसभा सदस्य |
| श्री नौनसिंह रोकाया | वडा अध्यक्ष -२ " " |
| श्री सर्पजीत भण्डारी | " -३ " " |
| श्री मुन बहादुर बुढा | " -४ " " |
| श्री नन्द बहादुर रावत | " -५ " " |
| श्री बल बहादुर रावत | " -६ " " |
| श्री धिर बहादुर शाही | " ७ " " |
| श्री नानी शाही | " गाउँसभा सदस्य |
| श्री जुआरा शाही | " " " |
| श्री रतिमान बुढा | " " " |
| श्री बाले शाही | " " " |
| श्री मनसोभा अधिकारी | " " " |
| श्री पदम बहादुर शाही | " " " |
| श्री वासमती कार्की | " " " |
| श्री भैर रोकाया | " " " |
| श्री सुपरा रोकाया | " " " |
| श्री बल बहादुर रोकाया | " " " |
| श्री गोरेनाथ योगी | " " " |
| श्री परिलाल नाथ योगी | " " " |
| श्री लक्ष्मी रोकाया | " " " |
| श्री बेलबोहरा सार्की | " " " |
| श्री मुनबिर बुढा | " " " |
| श्री साउने शाही | " " " |

श्री जौकला नेपाली - हिका - ४ गाउँसभा सदस्य
श्री श्याम बहादुर शाही .. - ५ " "
श्री सुर बहादुर शाही .. - ५ " "
श्री जैसी शाही .. ५ " "
श्री नन्दकला शाही - ५ " "
श्री चक्र बहादुर शाही - ६ " "
श्री भिम बहादुर अधिकारी - ६ " "
श्री धनकला हमें - ६ " "
श्री राम प्रसाद उपाध्याय - ७ " "
श्री विश्वनन्द बुढा क्षेत्री - ७ " "
श्री तिलसरा शाही - ७ " "
श्री रण बहादुर बुढा - प्र०प्र०अ० सदस्य - सचिव

आमन्त्रित

श्री लोकेन्द्र पाण्डे - लेखा अ.
श्री धर्म सिंह थापा - योजना अधिकृत
श्री शंकर घिमिरे - शिक्षा अ.
श्री लोक प्रसाद उपाध्याय - कृषि प्राविधिक
श्री दिपक महतारा - लेखापाल

निर्णय नं. १ :- आ.व. ०७८/०७९ को प्रस्तुत गरिएको नीति तथा कार्यक्रम को दफावार रुपमा छलफल गर्दा बुँदा नं. २ मा उल्लेख भएको आर्थिक गाउँसभाले निर्णय गरेको गाउँपालिकाको स्थायी केन्द्र बाजागाउँ स्थित भवन निर्माण गर्ने DPR को लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ भन्ने विषयमा देहाय बमोजिमका गाउँसभा सदस्यहरुले सभाध्यक्ष ज्यू संग आ-आफ्ना धारणा राख्नु भएको प्रस्तुत गरेका धारणा सभाध्यक्ष रत्न बहादुर शाही ज्यूले उक्त धारणाको जवाफ दिई मतभेद राखि पुन मिति २०७८ साल असार १६ गते बिहान १०:०० बजे बस्ने निर्णय सहित सभाध्यक्षज्यूको आज्ञानुसार प्रथम दिनको बैठक समापन गरियो।

मिती:- २०७८ असार १६ गते
समय:- बिहान १०:३० बजे
स्थान:- गाउसभा सभाहल
छिना गा.पा. जुम्ला।

माथी उल्लेखित मिती, समय र स्थानमा बादसत्रको सभाध्यक्ष श्री रज बहादुर शाही ज्यु को सभाध्यक्ष तथा गाउसभाका सदस्य ज्यूहरुको उपस्थितिमा बसेको तेस्रो दिनको गाउसभा तपसिलको उपस्थितिमा तपसिल का निर्णय गरियो।

उपस्थिति

श्री रज बहादुर शाही - सभाध्यक्ष
श्री हिमाली रोकाया - उपाध्यक्ष - गाउसभा सदस्य
श्री मुनीराम रावत - " "
श्री नैनसिंह रोकाया - " "
श्री सर्वजीत थकाले - " "
श्री मुल बहादुर बुढा - " "
श्री नन्द बहादुर रावत - " "
श्री बल बहादुर रावत - " "
श्री धिर बहादुर शाही - " "
श्री तानी शाही - " "
श्री जुआरा शाही - " "
श्री मुनसारा अधिकारी - " "
श्री वान्चे शाही - " "
श्री रतिमान जामी - " "
श्री पद्म बहादुर शाही - " "
श्री बास्मती ~~शाह~~ कामी " "
श्री भैरे रोकाया - " "
श्री बल बहादुर रोकाया - " "
श्री सपुरा रोकाया - " "
श्री लक्ष्मी रोकाया - " "
श्री गोरेनाथ योगी - "
श्री परेललनाथ योगी
श्री [illegible]

श्री मुनाथिरे बुढा – गाउँसभा सदस्य
श्री खाउने शाही – " "
श्री जोकला नेपाली – " "
श्री श्याम बहादुर शाही – " "
श्री जड्नी शाही – " "
श्री नाडकली खत्री – " "
श्री चन्द्र बहादुर शाही – " "
श्री भीम बहादुर अधिकारी – " "
श्री चनकली दमाई – " "
श्री राम प्रसाद उपाध्याय – "
श्री विरेन्द्र बुढा क्षेत्री – "
श्री तिलसरा कार्की – "
श्री सुर बहादुर शाही – "
श्री रण बहादुर बुढा – प्र.प्र.अ. स-सचिव

निर्णयहरु :- निर्णय नं. १ :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा भएको व्यवस्था बमोजिम सभाको बैठक सञ्चालन गर्ने विषयमा मत विभाजन भई उक्त दफाको उपदफा (७) मा व्यवस्था भए बमोजिम को नियम लागु गरी (प्रस्तुत नीति तथा कार्यक्रमको बुदा नं. ४ बाहेक) प्रस्तुत गरिएको नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

*"शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन विकासका मुल आधार,*
*लक्षित वर्गको उत्थान र बेरोजगारीको अन्त्य गर्ने सपना पार्नुछ साकार"*

यस सभाका सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विषेश अतिथी ज्यूहरु गाउँसभा सदस्य ज्यूहरु, हिमा गाउँपालिकाको नवौ गाउँसभाको निमन्त्रणालाई स्वीकार गरी सभाको बैठकमा उपस्थित हुनु हुने सभाका सम्पूर्ण मान्य अतिथि लगायत सदस्यज्यूहरुलाई हिमा गाउँपालिका, जुम्ला र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

संघिय सरकार संचालन भएदेखी यस हिमा गाउँपालिकाको नवौं **गरिमामय गाँउसभामा** हिमा गाउँपालिकाको उपाध्यक्षको रुपमा विद्यमान विषम परिस्थितिका वीच आगामी आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहितहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** को उद्देश्य पुरा गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान, २०७२ जारी भई स्थानीय तहको गठन भई संचालन भएको र संघीयता कार्यान्वयनको चरणमा रहेको अवगत गराउन चाहन्छु । जनताका आवश्यकता पुरा गर्न गाउँपालिकाका विकास योजनाहरु पहिचान एवं छनौट गर्दा नेपालको संविधान, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्णाली प्रदेश सरकार विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन, विभिन्न नीति निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्ययोजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूचि अनूरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिका भित्र उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट छनौट तथा प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्धित ठानेको छु ।

कर्णाली प्रदेशको दुर्गम जुम्ला जिल्लाका आठ वटा स्थानीय तहमध्ये हिमा गाउँपालिका विभिन्न जातिय विविधता, खस भाषाको उदगम स्थल लगायत विभिन्न भाषिक, साँस्कृतिक एवं प्राकृतिक र पर्यटकीय संभाव्यता सहित विकासको प्रचुर सम्भावना बोकेको स्थल हो । गाउँपालिकाको यस क्षेत्रमा भएका राजनैतिक दल एवं जिल्लाबाट व्यवस्थापिका सांसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद एवं मन्त्रीज्यूहरु लगायत समस्त वासिन्दाको विकास कार्यमा हुने ऐक्यवद्धताले हामीलाई कार्य संचालनमा महत्वपूर्ण हौसला मिलेको व्यहोरा अवगत गराउन चाहन्छु । मुलुकको सार्वभौमिकता भौगोलिक अखण्डता राष्ट्रिय एकता स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणिय अग्रज राजनितीज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

बिश्व महामारीकोरुपमा फैलिएको Covid-19 को कारणले देश आक्रान्त भएको विषम परिस्थितिमा हजारौ लाखौ श्रमिकहरुले आफ्नो जिविको पार्जन र आय आर्जनका कार्यहरु संचालन गर्न नसकेको यो अवस्थामा बेरोजगारहरुलाई रोजगारको श्रृजना गर्न युवाशक्तिहरुलाई उत्पादनमा जोडन, स्वास्थ्य शिक्षा लगायत मानिसका आधारभूत आवश्यकताहरु परिपूर्तिका लागि प्रस्तुत हुने नीति तथा कार्यक्रमले समेटने विश्वास छ ।

नेपालको संविधान २०७२, जारी भए पश्चात नेपाल संघीय गणतन्त्रात्मक राज्यको रुपमा परिचित भईरहेको वर्तमान अवस्थामा दश जिल्लाहरु समेटिएको यस प्रदेशको नामाकरण भई "कर्णाली" प्रदेश कायम भएको र प्रादेशीक राज्यको राजधानी सुर्खेत कायम भईसकेको अवस्थामा सो अनुरुप जुम्ला जिल्लाका विभिन्न आठ स्थानिय तहहरुमध्ये यस हिमा गाउँपालिकाले पनि आफ्नो विकास प्रक्रियालाई तिव्रता दिई आवश्यक भौतिक पूर्वाधारको विकास र विकासका सवै आयामहरुलाई समेटी जनतालाई रोजगारीको माध्यमबाट जीवनस्तर सुधार गर्ने र गरीबी निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टडकारो रुपमा देखिएको छ । गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनलाई एकीकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडी परेको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट समावेशी तथा समानुपातिक विकास निर्माण कार्य अगाडी वढाउन हामी प्रतिबद्ध छौ । विकास प्रक्रिया जनमुखी, पारदर्शी, समतामूलक सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हुँदा हुँदै पनि आन्तरिक श्रोतको न्यून परिचालन हुनु, खेती योग्य जमीनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, बाँझो जग्गाको सदुपयोग गर्न नसक्नु, गैर सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासंग तालमेल मिलाउदै कार्यान्वयन गर्न नसक्नु, समुदाय र वडाबाट माग गरिने योजना अत्याधिक हुनु उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्नु, जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन पालिका सम्म नजोडनु, गुणस्तरीय शिक्षा तथा संचारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु, तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु र कर्मचारीहरुमा समेत व्यवसायिकताको विकास हुन नसक्नु जस्ता समस्या एवं चुनौतिहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु स्पष्ट रुपमा रहेको छ ।

उपस्थित महानुभावहरु

अब म गाउँपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

(क) सिमित स्रोत साधान र असिमित योजना मागका कारणले जनताका सबै आवश्यकता पुरा गर्न नसकिएको वर्तमान परिबेशमा सकभर जनताका नितान्त जायज आवश्यकता पुरा गर्न तर्फ हामी अग्रसर छौं ।

(ख) हिमा गाउँपालिका मानब विकास सुचाङ्कमा कमजोर रहेको अवस्थामा बिकासलाई गति दिन हाम्रा सामु चुनौति रहेको कुरा अवगत गराउन चाहन्छु ।

(ग) चालु आ.व. मा छनौट भई संचालित योजनाहरु कार्यान्वयनको क्रममा रहेका र उक्त योजनाहरु पूर्ण हुँदा गाउँपालिकाको सडक संजालको विकास, खानेपानी, सिचाई, जलविद्युत लगायत भौतिक पूर्वाधार र आर्थिक सामाजिक क्षेत्रमा उल्लेख्य प्रगती हुने अनुमान गरिएको छ ।

(घ) हिमा गाउँपालिकाको समृद्धिको लागि विभिन्न निकाय, संघसंस्था र व्यक्तिहरु संग छलफल सहकार्य चलाईएको छ ।

१. अव म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

बजेटका उद्देश्यहरु निम्न अनुसार रहने छन ।

क) संक्रमण लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवनको रक्षा गर्दै जनजीवनलाई सहज सुरक्षित बनाउन ।

ख) उपलब्ध साधन, श्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी वेरोगजागर यूवाहरुलाई उत्पादसिल कार्यमा जोडि शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिन ।

ग) नागरिकका मौलिक हक र अधिकारकारुपमा रहेका आवश्यकता परिपूर्ति मार्फत गाउँपालिकाकोको लोककल्याणकारी भूमिका बढाउन ।

घ) सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशिल समुन्नत, स्वाधिन, समृद्ध एवं समाजवाद उन्मुख समाज निर्माण गर्दै जान ।

<u>बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।</u>

क) कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवा सर्वशुलभ बनाउन स्वास्थ्य सेवा सबैको पहुँच राख्न र निर्माण हुन बाँकी रहेका स्वास्थ्य पूर्वाधार निर्माण तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

ख) श्रमको सम्मान गर्दै सामाजिक सुरक्षा र आदर्श श्रम सम्वन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै सबै गाउँपालिका वासीलाई काम र रोजगारीको अवसर सृजना गर्न, सीप मुलक तालिमहरु संचालन गरी रोजगारी श्रृजना गर्न तर्फ कार्यक्रम तय गरेको छु । साथै Covid-19 को कारण नागरिकहरुलाई रोजगारीमा असर परेको तथ्यलाई मनन गर्दै गाउँपालिका भित्र काम र रोजगारीका थप अवसरहरु सृजना गर्ने तर्फ बजेट केन्द्रित गरेको छ ।

ग) विकासका सबै आयमहरुलाई समेटने गरी सन्तुलित बजेट विनियोजनका माध्यमबाट योजना छनौट र बजेट कार्यान्वयन गर्न बजेटको प्रभावकारी कार्यान्वयन गर्ने बजेट दुरुपयोगलाई निरुत्साहित गर्न ।

<u>उपस्थित महानुभावहरु :</u>

<u>अब आ.ब. ०७८/०७९ का लागि प्रमुख केही नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।</u>

१. **"शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन विकासका मुल आधार, लक्षित वर्गको उत्थान र बेरोजगारीको अन्त्य गर्ने सपना पार्नुछ साकार"** भन्ने उद्देश्यका साथ आ.ब.०७८/०७९ को नीति बजेट तथा कार्यक्रम परिचालित हुनेछ ।

२. आठौं गाउँसभाले निर्णय गरेको गाउँपालिकाको स्थायी ठेगाना बाँजागाडाँ स्थित भवन निर्माण गर्न DPR को लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

३. शिक्षा नै मानिसको पहिलो श्रवाङ्गिक विकास हो । शिक्षालाई गुणस्तर बनाई समाजमा परिवर्तन ल्याउन यस गाउँपालिकाको शैक्षिक सुधार गर्न, नियमित पठन पाठनको ब्यवस्था गर्न, मनिटरिङ्ग सहित दरवन्दी

अपुग भएका विद्यालयहरुको विद्यार्थीको चाप र दरवन्दीको अवस्था हेरी गाउँपालिकाले न्यूनतम श्रमको मापदण्ड अनुसार स्वय सेवक शिक्षक (भोलेण्टियर) शिक्षकको व्यवस्थापन गर्ने नीति लिएको छु ।

४. ***"आफ्नो टोल आफै बनाउँ, आफ्नो टोल आत्मनिर्भर बनाउन"*** ***भन्ने*** भावना अनुसार यस गाउँपालिकाबाट संचालन हुने विकास निर्माणका कार्य विपन्न परिवार प्रति लक्षित गर्दै ***"श्रम गरौं आत्मनिर्भर बनौं"*** कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु ।

५. ***"जनतासँग अध्यक्ष श्रम र उत्पादनसँग अध्यक्ष"*** कार्यक्रमको दायरा विस्तार गरी हिमा गाउँपालिकामा संचालित सार्वजनिक विकास निर्माण कार्य श्रममूलक प्रविधिबाट कार्यन्वयन गरी यो कार्यक्रम मार्फत संघीय सरकार र प्रदेश सरकारसँग साझेदारीरुपमा संचालन हुने आयोजनाहरुमा लगानी र जनतालाई श्रममा र उत्पादनमा जोडी प्रत्येक बस्तीहरुमा रहेका जनताका आवश्यकता, समस्याको पहिचान गरी जनतालाई प्रत्यक्ष टेवा पुऱ्याउन रोजगारीको श्रृजना गर्न बजेटको व्यवस्थापन गरेको छु ।

६. Covit-19 का कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सृजना हुन नसकेका क्षेत्रमा कार्यरत रहेका श्रमिकको तथ्याङक संकलन गरी विभिन्न सिप मूलक तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरी रोजगारी सृजना गरिने व्यवस्था मिलाएको छु ।

७. सम्पूर्ण छात्रहरुसँग उपाध्यक्ष कार्यक्रम संचालनमा ल्याईने छ ।

८. महिला बिरुद्ध हुने घरेलु हिंसा, बालविवाह बहुविवाह रोकथाम तथा नियन्त्रणका लागि आवश्यक नीति अवलम्वन गरि बजेटको व्यवस्थापन गरिने छ ।

९. सम्पूर्ण पालिकास्तरमा भए गएका कामकाजहरुलाई समुदांय स्तरमा सुचना प्रबाह गर्नका लागि सुचना संचारमा आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१०. ***"आजको यूवा भोलिको देशका कर्णधार भन्ने"*** मुल उद्देश्यका साथ बेरोजगार यूवाहरुलाई रोजगारी सृजना गर्न संघीय र प्रदेश सरकार साथै यस गाउँपालिकाबाट संचालन हुने आयोजनाहरुमा यूवाको सहभागिता गराई यूवाहरुलाई श्रम र उत्पादनमा जोडी आत्मनिर्भर बनाउन प्रयास गरिनेछ ।

११. यूवाहरुलाई व्यवसायी उत्पादनमा आकर्षण गर्न ***"उत्पादनमा यूवा भन्ने कार्यक्रम"*** मार्फत कृर्षि, पशुपन्छी लगायतका क्षेत्रमा गाउँपालिकाले अनुदान दिने व्यवस्था गरेको छ .।

१२. यस गाउँपालिकाको खेलकूद क्षेत्रलाई वृद्धि र विकास गर्न ***"एक वडा एक विद्यालय खेल मैदान"*** कार्यक्रम संचालन गरी यूवा संजाल, क्लवहरु विभिन्न NGO / INGO सँग साझेदारी गरी निर्माण हुन बाँकी रहेका विद्यालय वडाहरुमा खेलमैदान र खेलकूद सामाग्री उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. विपन्न गरिब महिलाहरुलाई आत्म निर्भर बनाउनका लागि घरेलु उद्यम तथा सिप मुलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

१४. प्रत्येक वडाहरुमा एक महिला सहकारी गठन संचालनको लागी आवश्यक बजेटको व्यवस्था गरिने छ । सुत्केरी महिला तथा अति विपन्न एक महिलासँग उपाध्यक्ष कोषेशी कार्यक्रम लाई निरन्तरता दिईने छ

१५. महिला सँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईने छ साथै पालिका स्तरमा बृद्धआमाहरु स्वमसेविका महिलाहरुसँग उपाध्यक्ष कार्यक्रम संचलान गरिने छ ।

१६. परम्परागत रुपमा चलिआएका पानी घट्टलाई संरक्षण र व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

१७. विभिन्न आन्दोलनमा १० वर्ष जनयुद्ध तथा जनआन्दोलनका घाईते तथा अपाङ्ग व्यक्तिहरुलाई आत्मनिर्भताको लागि सिप तथा क्षमता मुलक आयआर्जनका कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिन छ ।

१८. यस गाउँपालिकामा प्राविधिक तथा उच्च शिक्षा हासिल गर्ने छात्र, छात्राहरुको तथ्याङ्क संकलन गरी उनिहरुको आर्थिक अवस्था बुझि प्राविधिक र उच्च शिक्षा हासिल गर्ने जेहेनदार विद्यार्थीलाई सहयोग गर्न "*जेहेनदार विद्यार्थी छात्रबृती कार्यक्रम* " लागू गरिनेछ । साथै दलित समुदायका विद्यार्थीहरुलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१९. हिलो मुक्त गाउँ निर्माण गर्ने उद्धेश्यका साथ हिमा गाउँपालिका वडा नं. १ देखी ७ सम्मका गाउँ वस्तीहरुमा हिलो मुक्त गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२०. सुत्केरी र नवजात शिशुहरुको जीवन र प्रसव अवस्थाको पिडालाई मध्यनजर गर्दै सुत्केरी महिलालाई प्रत्यक्ष राहत हुनेगरी ३ वटै स्वास्थ्य संस्थामा "*सुत्केरी कोषको*" स्थापना भई रहेको र यसको निरन्तरता गरिनेछ ।

२१. हाम्रो समाजमा बढ्दो बेरोजगारीलाई न्यूनीकरण गर्नको लागि र हामी आत्म निर्भर हुन उत्पादनमा जोडिन र बाँजो जग्गा प्रयोग गरी कृषि उत्पादन गर्न ***"हाम्रो जमीन नजान्दीउ खेर, उत्पादनमा सबै लागौं समय नफालौं खेर"*** भन्ने कार्यक्रमलाई निरन्तरता दिई युवा परिचालन गरी सबैलाई उत्पादनमा जोड दिने नीति लिएको छ ।

२२. समुदायमा सबैको सम्मानजनक सहभागीता र प्रतिनिधित्व गर्दै आर्थिक, सामाजिक तथा राजनैतिक हिसावले पिछडीएको दलीत समुदायलाई आत्मनिर्भर गर्न सिपमुलक, रोजगार मुलक, व्यवसायीक तालिम तथा व्यावसायमा उत्प्रेणा प्रदान गरी व्यवसायीमुखी बनाउन ***"दलित समुदायसंग अध्यक्ष कार्यक्रम"*** लाई निरन्तरता दिईनेछ ।

२३. यो विपद अवस्थालाई हाम्रो जिवनमा सरलता ल्याउनका लागि खाध्य संकटलाई मध्यनजर गर्दै ***"हाम्रो अर्गानिक अन्नबाली, खाध्य संकट पर्न दिनुहुन्न यसपाली"*** भन्ने उद्देश्यका साथ पालिका स्तरमा एक खाद्यबैकको स्थापना गर्ने नीति लिएको छ ।

२४. पालिका स्तरमा जुम्ली मार्सि धान उत्पादको लागि धान पकेट क्षेत्र हिमा २ कोईरलीलाई निरन्तरता दिईनेछ ।

२५. सत्तरी बर्ष उमेर पुरा गरेका जेष्ठ नागरीकहरुलाई हिमाली जिल्ला जुम्लाको हिउँदे सिजनमा स्वास्थ्यमा पर्न जाने असर लाई ख्याल गर्दै ***"हाम्रो जेष्ठ नागरीक हाम्रो ईतिहास र गौरव"*** कार्यक्रम अन्तरगत न्यानो

कपडा वितरण र चाडपर्व खर्चको लागी आवश्यक बजेट विनियोजन गरेको छु । साथै जेष्ठ नागरीकहरुलाई वार्षिक एक हजार साहारा भत्ता दिईने नीतिलाई निरन्तरता दिदै जेष्ठ नागरिक आराम कक्षाको व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

२६. देशमा आमूल परिवर्तनका गर्नका लागि भएको दशवर्षे जनयुद्ध, २१ दिने जनआन्दोलन …गायतका विभिन्न आन्दोलनमा भएका घाईते तथा अपाङ्गहरुलाई समाजमा सम्मानजनक र सरल रुपमा जिवन निर्वाह गर्नका लागि विषेश राहतको व्यवस्थाका साथै सहित परिवार, घाईते, अपाङ्ग व्यक्तिहरुलाई उपचार र सहिद, घाईते परिवारका छोराछोरीहरुलाई छात्रवृद्धिको व्यवस्थान गर्ने नीति लिईए छु ।

२७. विद्यालयबाट बञ्चित भएका असाय, टुहुरा बालबालिकाहरुलाई विद्यालयमा पहुँच पुऱ्याउनको लागी विद्यालय भर्ना तथा घर दैलो अभियान संचालन गुर्ने नीति लाई निरन्तरता दिईनेछ ।

२८. हिमा गाउँपालिकामा रहेको बढ्दो वेरोजगारीलाई मध्यनजर गर्दै प्राविधिक तथा व्यवसायीक शिक्षालाई महत्वका साथ आत्मसाथ गर्दै प्राविधिकधार विद्यालय संचालन गर्नका लागी आवश्यक बजेट विनियोजित गरेको छु ।

२९. दन्द्व प्रभावित, शिक्षाको पहुँज भन्दा टाढा रहेका बालबालिका, अभिभावक गुमाएका गुणस्तर शिक्षा प्राप्त गर्ने मनशाय हुँदा हुँदै बञ्चित बालबालिकाहरुलाई शिक्षामा सहज पहुंज पुऱ्याउनको लागी स्थापीत हिमा गाउँपालिका स्तरीय आवाशिय विद्यालयको विकास, विस्तारको लागी संघीय सरकार, कर्णाली प्रदेश सरकार संग आवश्यक सहयोगको पहल संगै यसै गा.पा. को आ.व. २०७८/०७९ मा आवाशिय विद्यालयको व्यवस्थापनको लागी आवश्यक बजेट बिनियोजन गरी निरन्तरता दिएको छु ।

३०. एकल महिला तथा अपाङ्ग व्यक्तिहरुलाई आत्म निर्भर बनाउने उदेश्यका साथ सिप मुलक तालिमको व्यवस्था गरी जिविकोपार्जनमा सहजिकरण ल्याउने कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३१. जनताका आवश्यकता पुरा गर्न तथा विकास प्रक्रियालाई निरन्तरता दिन आन्तरिक श्रोत आवश्यक भएकोले करको दायरामा समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र गत आ.व. २०७६/०७७ को श्रावण १ गते देखि लागु भएको ***"एकिकृत सम्पत्ती कर"*** प्रणालीलाई व्यवस्थित सहित निरन्तरता दिईने छ । साथै "एकिकृत सम्पत्ति कर" प्रणालीलाई वडास्तरमा समेत बिस्तार गरिन नीतिलाई निरन्तरता दिईने छ ।

३२. ***'अर्गानीक बालि संरक्षण अभियान कार्यक्रम*** निरन्तरता दिदै कृषि उत्पादनहरुमा विषादीको प्रयोगलाई निषेधित गरिनेछ ।

३३. संचार क्षेत्रको सुदृढीकरण गर्न यस क्षेत्र भरी संचार क्षेत्रलाई अझ बढी प्रभावकारी बनाउन चालु आ.व. मा मोबाईल सेवा संचालनको लागि निमार्णाधीन अवस्थामा रहेको नेपाल टेलीकमको टावरलाई संचालनमा ल्याउन पहल गरिने छ ।

३४. जलवायू परिवर्तनले गर्दा मानवजिवनमा परेको प्रत्येक्ष असरलाई मध्यनजर गर्दै जलवायू परिवर्तनको असरका प्रभाव सम्बन्धि सचेनता मुलक कार्यक्रम संचालन गरिनेछ ।

३५. भू-क्षयबाट जन,धन र जमिन बचाउन भू-सरक्षण कार्यक्रम लागू गरिनेछ ।

३६. राजमार्ग देखी सड्क संजाल हाल सम्म नपुगेका गाउँबस्तीहरुमा सडक विस्तार गरिनेछ ।

३७. जोखिम रहेका बस्तीहरुलाई बस्ती स्थानान्तरण गर्ने संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी जोखिम बस्ती स्थानान्तरण गरिनेछ ।

३८. हिमा गाउँपालिकाबाट संचालन हुन नसक्ने बृहत आयोजनाहरुको छनौट गरी संघीय र प्रदेश सरकार सँग मागको लागि DPR निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

३९. शुसाशन तथा सूचनाको हकलाई प्रभावकारी बनाउन संचारका साधनहरुको अधिकतम प्रयोग गरी ३/३ महिनामा अनिवार्य प्रकाशन गर्नुपर्ने विवरणहरु सार्वजनिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, घुम्तीसेवा लगायतका कार्यहरु कार्यन्वयन गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

४०. जनताको काममा ईमान्दारीता देखाई, काम संचालन गर्न निजामति कर्मचारी, विद्यालय कर्मचारीलाई मनोवल बृद्धिका लागी पुरुस्कारको व्यवस्था गरिनेछ ।

४१. यस गाउँपालिकाका स्वास्थ्य चौकी र स्वास्थ्य क्लिकहरुमा सहज औषधि उपचारको आपूर्ति/उपलब्ध का लागि आवश्यक बजेट व्यवस्थापन मिलाईएको छ ।।

४२. विषयगत शाखाहरुलाई कार्यक्रम कार्यान्वियन र सहजिककरणका लागि बजेटको व्यवस्था गरेको छ ।

४३. उत्पाधित लघुजलविधुत योजनाहरुको मर्मत संम्भार संचालनको सम्पूर्ण जिम्मा गाउँपालिकाले अगुवाई गर्ने नीति अवलम्वन गरिनेछ ।

४४. शिक्षामा सुधार ल्यान विभिन्न किसिमका तालिम, सेमिनार संचालन गरी शिक्षकको क्षमता अभिवृद्धिका लागि आवश्यक नीति अवलम्वन गरिने छ ।

कर्मचारीतर्फ :

१. यस गाउँपालिमा करार सेवामा रहेका सम्पूर्ण करार सेवामा रहेका कर्मचारीहरुलाई करार सम्झौता मार्फत कार्य गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२. यस गाउँपालिमा रहेका कर्मचारीहरुको कार्य सम्पादनको आधारमा कर्मचारीहरुको उच्च मनोवल कायम राख्न विशेष प्रोत्साहन व्यवस्था गरिने छ ।

३. यस गाउँपालिकामा साविक स्थानीय निकायबाट यस गाउँपालिकामा समायोजन भई आएका कर्मचारीहरुको बृत्ति विकासमा हालसम्म व्यवस्थापन गर्ने नसकिएको हुँदा सो व्यवस्था मिलाउनका लागि स्थानीय कर्मचारी सेवा ऐन, २०७८ बमोजिम व्यवस्थापन तथा बृत्ति विकासमा जोड दिईनेछ ।

४. साविक गाउँ विकास समितिबाट कामकाज गर्दै आई रहेका स्थानीय निकायका अस्थायी तथा करार कमर्चारिहरुलाई ऐन कानून बमोजिम प्रक्रिया अगाडी गरिनेछ ।

रोजगार तर्फ :

१. गाउँपालिकामा बेरोजगार यूवाहरुको विदेश पलाएन रोक्न र आर्थिक स्थिति कमजोर भएका घरपरिवारको जिवन स्तरमा केही हद सम्म सुधार गर्ने तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्रि रोजगार कार्यक्रमलाई निरन्तरता संघीय र प्रदेशमार्फत बजेट आएता पनि बजेट अन्तिममा आउने भएकोले रोजगारीमा कम संलग्नता भएको र खाली माटो खन्ने र दिन गन्ने उपलब्धि केही नहुने भएकोले अव स्थानीय तहले सिपमुलक तालिम (कम्प्यूटर तालिम, सिलाई कटाई तालिम, वाउस वाईरिङ्ग, पलम्विङ्ग तालिम, मोटरसाईकल मर्मत, घडी रेडीयो मर्मत, मोवाईल मर्मत तालिम, कुक तालिम, हेयरकटिङ्ग तालिम, कृर्षि सम्वन्धि तालिम) संचालन गर्ने तर्फ विशेष जोड दिईने छ ।

<u>उपस्थित महानुभावहरु,</u>

अब म चालु आ.व. २०७७/०७८ को असार ११ सम्मको हिमा गाउँपालिका, जुम्लाको वित्तिय तथा भौतिक प्रगति संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

<u>वित्तिय प्रगति तर्फः</u>

चालु आ.व. २०७७/०७८ को मा गाउँपालिकाको समानिकरण तर्फ ४ करोड १९ लाख ६० हजार ६२, सशर्त अनुदान ६ करोड ४६ लाख ३९ हजार ४ सय १३, विशेष अंनुदान तर्फ ५९ लाख १६ हजार २ सय सन्ताउन्न, प्रदेश सशर्त अनुदान २० लाख, प्रदेश विषेश अनुदान २ लाख २० हजार, राजश्व बाँडफाँड संघीय सरकार २ करोड ९२ लाख ५० हजार ९ सय ७२ र आन्तरिक श्रोत ६१ लाख ३९ हजार ३९ गरि जम्मा खर्च रु १५ करोड १ लाख २५ हजार ७ सय ४३ खर्च भएको देखिन्छ ।

<u>उपस्थित महानुभावहरु,</u>

अब म यस हिमा गाउँपालिकाको आगामी आ.व. २०७८/०७९ को प्रस्तावित बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु । माथि उल्लेखित विभिन्न नीति तथा कार्यक्रम संचालन एवं कार्यान्वियन गर्न ।

<u>गाउँपालिका तर्फः-</u>

वित्तीय समानकिरण अन्तरगत संघीय समानिकरण तर्फ रु ८ करोड ८१ लाख, सशर्त अनुदान तर्फ रु १५ करोड रु ४७ लाख, संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रु ५ करोड ५६ लाख ७६ हजार, संघीय बिषेश अनुदान पूँजिगत रु. १ करोड ८ लाख, प्रदेश शसर्त अनुदान १ करोड ६७ लाख ४८ हजार, प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने रु ३ लाख, प्रदेश विशेष अनुदान ३५ लाख, प्रदेश सम्पूरक अनुदान १ करोड ५० लाख एवं स्थानीय राजश्व संकलनबाट प्राप्त हुने अनुमानित रकम रु १८ लाख ५० हजार, प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुदान २ करोड ५१ लाख ५४ हजार समेत गरी अनुमानित रु ३७ करोड १८ लाख २८ हजार (अक्षरुपी सैंतिस करोड अठार लाख अट्ठाईस हजार मात्र) खर्चको लागि प्रताव गरेको छु । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका केही

हस्तान्तरण भई आउने कार्यक्रमहरु र प्रदेश सरकार एवं अन्य विषयगत मन्त्रालयहरुबाट हस्तान्तरण भई आउने कार्यक्रमहरु तथा विभिन्न गै.स.स. र दातृ निकायहरुबाट प्राप्त हने कार्यक्रमहरु बस्ती स्तरबाट प्राथमिकिकरण भई आएका र सभाले निर्णय गरेका कार्यक्रमहरुमा लगानी गरी कार्यान्वयनमा ल्याइने छ ।

अन्त्यमा, यस क्षेत्रको विकास निर्माण लगायत हरेक गतिविधिहरुमा सक्रिय सहभागी भई सहयोग गर्नुहुने गाउँसभा सदस्यज्यूहरु, सबै राजनीतिक दलहरु, विकास प्रेमी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरु, शिक्षक, भद्र भलाधमीमा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा राय सुझाव दिने विज्ञ समूह, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी तथा कर्मचारी मित्रहरु आम हिमा बासी प्रति हार्दिक धन्यवाद आभार र कृतज्ञता व्यक्त गर्दछु ।

यसै गरी यस क्षेत्रको समष्टिगत विकासका लागि सहयोग गर्नु हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, राजनैतिक दलहरु, दातृ निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी, बुद्धिजिवी, पत्रकार र सम्पूर्ण नागरिकहरुप्रति धन्यवाद दिँदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा समेत गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

धन्यवाद

हिमाली रोकाया
उपाध्यक्ष
हिमा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
कालिकाखेत, जुम्ला
२०७८ असार, १३

[illegible signatures]

निर्णय नं. ७ :- यस हिमा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री निम बहादुर रावत लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट ७५ % तलब र पोषण उपलब्ध हुँदै आइरहेको र निज सूचना प्रविधि अधिकृत लाई २५ % तलब र स्थानीय र महङ्गी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ :- हिमा गाउँपालिकाको ३ औं गाउँसभा बाट निर्णय नं. ६ को बुँदा नं. १ मा ६ वटै वडाकार्यालयहरूमा विभिन्न योजना आयोजना तथा कार्यक्रमहरू वडा बाटै सञ्चालन हुनेछ भनी योजना सभा बाट हुनेछ भएका तपसिल बमोजिमका योजनाहरू वडा बाट सिफारिस भई आएकोमा स्वीकृत गर्ने निर्णय सर्वसहमति बाट पारित गरियो ।

तपसिल

वडा नं. ४ (चार) :-

१. कालेगुरा मन्दिर निर्माण हिमा - ४ जर्जी रु ५,००,०००/-
२. चर्च निर्माण हिमा - ४ (सानोचिउडे) रु. ३,००,०००/-
३. पि.सि.सि. बाटो निर्माण हिमा - ४ रिमाली रु ४,००,०००/-
४ सामुदायिक स्वास्थ्य इकाई खानेपानी तथा व्यवस्थापन खर्च हिमा - ४ तलिकुडे रु → २,००,०००/-
५ वडा कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च रु. ६,०००००/-
→ जम्मा रु. २०,००,०००/-

वडा नं. २ :- (१) पोरीबाडा टोल आर.सि.सि. बाटो निर्माण रु ७,००,०००/-
(२) महादेव आधारभूत विद्यालय व्यवस्थापन रकम रु. ३,००,०००/-
(३) वडा कार्यालय व्यवस्थापन र विविध खर्च रकम रु. १०,००,०००/-
→ जम्मा: २०,००,०००/-

वडा नं. ३ :- (१) भैरव आधारभूत विद्यालय जोगीवाडा व्यवस्थापन रु. ४,००,०००/-
(२) राहदेव मा.वि. मोफला कार्यालय व्यवस्थापन रु. ४,००,०००/-
३. महादेव आधारभूत विद्यालय चौमा कार्यालय व्यवस्थापन रु. १,५०,०००/-
४. मुन्डाडा भीड देखि कालीदेवीमाला सम्म गोरेटो बाटो निर्माण रु ५०,०००/-

निर्णय नं. ७:- यस हिमा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री निम बहादुर रावत लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट ६५% तलब र पोषाक उपलब्ध हुँदै आइरहेको र निज सूचना प्रविधि अधिकृत लाई ३५% तलब र स्थानीय र महङ्गी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८:- हिमा गाउँपालिकाको ३ औं गाउँसभा बाट निर्णय नं. ६ को बुँदा नं. १ मा ६ वटै वडाकार्यालयहरुमा विनियोजित योजना आयोजना तथा कार्यक्रमहरु वडा बाटै खरबाट हुनेर भई योजनाहरुमा बाट हुनेर भएको तपसिल बमोजिमको योजनाहरु कार्य निर्धारित भई आफ्नोमा स्वीकृती गर्ने निर्णय सर्वसहमती बाट पारित गरियो ।

तपसिल

वडा नं. ४ (चार):-

१. काले गुरा मन्दिर निर्माण हिमा - ४ जर्जो रु ५,००,०००।-

२. चर्च निर्माण हिमा - ४ (सानोचिउडे) रु. ३,००,०००।-

३. पि.सि.सि. बाटो निर्माण हिमा - ४ रिमाली रु ४,००,०००।-

४ सामुदायिक स्वास्थ्य इकाई खानेपानी तथा व्यवस्थापन खर्च हिमा - ४ तलिकुड रु → २,००,०००।-

५ वडा कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च रु. ६,००,०००।-

→ जम्मा रु. २०,००,०००।-

वडा नं. २:- (१) पोरीबाडा रोल आर.सि.सि. बाटो निर्माण रु ७,००,०००।-

(२) महादेव आधारभूत विद्यालय व्यवस्थापन रकम रु. ३,००,०००।-

(३) वडा कार्यालय व्यवस्थापन र विविध खर्च रकम रु. १०,००,०००।-

→ जम्मा: २०,००,०००।-

वडा नं. ३:- (१) भैरव आधारभूत विद्यालय जोगीवडा व्यवस्थापन रु. ४,००,०००।-

(२) रामदेव मा.वि. मोफ्ला कार्यालय व्यवस्थापन रु. ४,००,०००।-

३. महादेव आधारभूत विद्यालय चौफा कार्यालय व्यवस्थापन रु. १,५०,०००।-

४. मुण्डाडा भीड देखि कालीदेवीमाला सम्म गोरेटो बाटो निर्माण रु ५००००।-